# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/९/२१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरण

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरू |
|---|---|---|---|---|---|
| १ | विक्रम यादव समेत (०७९-**CR**-००६०) फैसला मिति २०८०।११।२२ | **गैरकानुनी लाभहानि गरी भ्रष्टाचार गरेको**। | **गाउँपालिका अध्यक्ष विक्रम यादव, नि.प्र.प्र.अ. मुकेशकुमार पाठक, इञ्जिनीयर अजय यादव र लेखापाल शिवशङ्करप्रसाद कुशवाहाको हकमा** -<br>भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को देहाय (ङ) वमोजिम झुठा बिल बनाई भुक्तानी दिने कसूरमा रू. ३,४१,५४४।१३ बिगो कायम गरी ऐ ऐनको दफा ८(१) बमोजिम कैद एवम् जरिवाना गरी सोही ऐनको दफा ८(१) बमोजिम बिगो रकम असुल उपर हुन साथै ऐ ऐनको दफा | **फैसला-**<br>सबैलाई सफाइ।<br>**सफाइ दिँदाका आधार-**<br>क) अनुसन्धानको क्रममा २०७७।११।२० मा गोविन्दप्रसाद पाण्डेको नेतृत्वमा नापजाँच भएकोमा उद्देश्य अनुरूप कार्य सम्पन्न भएको भनी उल्लेख भएको; प्रतिवेदनमा जमीनमुनिको संरचनाको नापजाँच गर्ने अवस्था नरहेको हुँदा उक्त योजनाको कार्यहरू Earthwork in excavation, edge brick soling in foundation, Torsteel for RCC को परिमाण यकिन गर्न नसकिएको भनी उल्लेख भएको; साथै हुमाकान्त मिश्रले २०७९।१।१४ गते अर्को प्रतिवेदन पेश गरेकोमा दुवै प्रतिवेदनले फिल्डको सबै कार्यको नापजाँच गर्न नसकेको; नालामा फोहोर पानी रहँदा सोलिङको कार्यमा कैफियत देखिने अवस्था नखुलेको।<br>ख) कभर स्ल्याबतर्फ पहिलो प्रतिवेदनले ०.९९ घ.मि. कमी रहेको देखाएको; दोश्रो प्रतिवेदनले ३.५६ घ.मि. कैफियत रहेको देखाएको पाइन्छ। पहिलो प्रतिवेदनमा २३ वटा स्लाव रहेको देखाइएकोमा दोस्रोमा ३५ वटा देखाइएको तथा पहिलो प्रतिवेदनमा लम्वाइतर्फ यो कार्य १६२.७६ मि. देखाइएकोमा दोस्रो | क) जि.सर्लाही, चक्रघट्टा गाउँपालिकाको प्राविधिक टोलीले गरेको प्राविधिक मूल्याङ्कन सहितको नापी किताव र कार्य सम्पन्न प्रतिवेदन अनुसार रू. १८,३०,०२४।९८ को निर्माण भएकोमा लागत अनुमान बराबर कै नापी किताव, अन्तिम बिल र कार्यसम्पन्न प्रतिवेदन तयार भएको देखिन्छ। नापी कितावमा नापी किताव भनी नखुलाई लागत अनुमान नै जस्ताको तस्तै हुबहु सारेको र Detailed Estimate and Abstract of Cost भनेर उल्लेख भएको देखिन्छ। प्राविधिकले पेश गरेको अन्तिम बिल र कार्यसम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति २०७६।३।३० उल्लेख भएको देखिए तापनि मिति २०७६।३।२५ मै भुक्तानीको लागि टिप्पणी आदेश पेश भई सोही मितिमा स्वीकृत भएको देखिँदा कार्य सम्पन्न नै नभई भुक्तानीका लागि स्वीकृत गरिएको हुँदा प्रतिवादीहरूले बदनियतपूर्ण रूपमा भुक्तानी गरेको त्रुटिपूर्ण हुँदाहुँदै सफाइ दिइएको त्रुटिपूर्ण छ। प्रतिवादी विक्रम यादवले बयानको क्रममा अनुगमन टोली योजनास्थल पुग्दा काम अन्तिम चरणमा रहेको तथा कार्य सम्पन्न नहुँदै भुक्तानी दिएको स्वीकार गरेको देखिन्छ भने सोही योजना अनुगमन प्रतिवेदनबाट अन्तिम भुक्तानीको लागि गाउँपालिकालाई सिफारिस गरेको देखिएबाट समेत निर्माण कार्य सम्पन्न नहुँदै जानीजानी भुक्तानी दिएको, लागत अनुमान बराबरकै जस्ताको तस्तै हुबहु नापी कितावमा चढाई अन्तिम बिल र कार्यसम्पन्न प्रतिवेदन तयार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | १९(२) बमोजिम गलत प्रतिवेदन दिने समेतको कसुरमा ऐ ऐनको दफा १९(२) वमोजिम सजाय हुन समेत मागदाबी लिइएको छ।<br><br>**वडा नं. ४ का वडाध्यक्ष अब्दुल अहद कवारी, गाउँ कार्यपालिका सदस्यहरू विजयकुमार चौधरी र विनोद साह र सब-इन्जिनियर जितेन्द्र यादवको हकमा-**<br>प्रतिवादीहरू अब्दुल अहद कवारी, विजय कुमार चौधरी, विनोद साह र जितेन्द्र यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) बमोजिम गलत प्रतिवेदन दिने कसुरमा ऐ ऐनको दफा १९(२) वमोजिम | प्रतिवेदनमा १५८.० मि. भएको भन्ने देखिन्छ। उक्त प्रतिवेदनमै खुलेको (exposed) एक ठाउँमा मात्र नालाको पर्खालको उचाइ नापिएको र दोस्रो प्रतिवेदनमा नाला छोप्ने कभरको एकमुष्ट लम्बाइमा कैफियत नदेखिएको भनी उल्लेख भएको; गाह्रोको भाग नै नभएको स्थानमा स्लावले छोपिएको भन्ने प्रतिवेदन/मुचुल्काबाट देखिँदैन। यसरी छोप्ने स्लाबको लम्बाइ पुगेकोमा सो मुनिको गाह्रोको लम्वाइमा कमी हुन गएको कुरा नखुलेको; पानी जम्मा भएको नालामा प्लाष्टर कार्यको नापी कसरी गरिएको हो भन्ने नखुलाइएको हुँदा नापीको कार्य संशयपूर्ण रहेको | गरिएको, प्राविधिकले पेश गरेको अन्तिम बिल र कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति अगावै भुक्तानीको लागि टिप्पणी स्वीकृत भएको, उपभोक्ता समितिले गाउँपालिका समक्ष पेश गरेको कार्य सम्पन्न भए पश्चात्को उपभोक्ता समितिको बैठक र सार्वजनिक लेखापरीक्षणको माइन्युटमा २०७६ साल अषाढमात्र उल्लेख गरी अर्थात् गते उल्लेख नगरी खाली राखिएको तथा खर्च सार्वजनिक सूचना फारम, प्रगति प्रतिवेदन, सार्वजनिक परीक्षण फारममा आम्दानी र खर्चको कुनै पनि विवरण नभरेको समेत देखिएबाट कार्य सम्पन्न नभई रकम भुक्तानी लिए दिएको पुष्टि भएको स्पष्ट देखिन्छ।<br>ख) अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट खटिएको हुमाकान्त मिश्रको टोलीले स्थलगतरूपमा नापजाँच गरी पेश गरेको प्रतिबेदनबाट परिमाण हिसाव गर्दा इँटको गारो (२८.४४ घनमिटर), प्लास्टर लगाउने कार्य (४४.०४ बर्ग मिटर) र नाला छोप्ने स्ल्याबको ढलान कार्य (३.५६ घनमिटर) मा कैफियत देखिएकोमा समग्र रू. ३,७९,०३०।२२ को बढी मूल्याङ्कन भएको भन्ने उल्लेख भएको देखिन्छ। यसरी स्थलगत निरीक्षण गरी गाउँपालिकाका कर्मचारी, उपभोक्ता समितिका पदाधिकारी तथा जनप्रतिनिधिहरूको रोहवरमा नापजाँच गर्दा प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएजस्तै नै कैफियत देखिएको र नापजाँचमा भएको कैफियतको आधारमा निर्माण कार्यहरूको परिमाण बमोजिम जम्मा रू. ३,७९,०३०।२२ बढी मूल्याङ्कन गरी उपभोक्ता समितिबाट भएको जनसहभागिता बापतको ९.८९% कट्टा गर्दा रू. ३,४१,५४४।१३ बढी रकम उपभोक्ता |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सजाय हुन मागदाबी लिइएको।<br><br>**उपभोक्ता समितिका अध्यक्ष शेख मो. इरफान अलि, कोषाध्यक्ष हजरा खातुन र सचिव मो. इरफानको हकमा-**<br>निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) वमोजिमको कसूरमा रू. ३,४१,५४४।१३ बिगो कायम गरी ऐ ऐनको दफा ८(४) वमोजिम कैद वा जरिवाना गरी उल्लिखित बिगो रकम समेत सोही ऐनको ८(४) बमोजिम जफत हुन मागदाबी लिइएको | | समितिलाई भुक्तानी गरिएको तथ्य पुष्टि भएको छ।<br>ग) प्रतिवादी जितेन्द्र यादवले निर्माण कार्यको प्रत्येक आइटमको नापजाँच गरी नापी कितावमा चढाई सोही अनुसारको बिल तथा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा आफ्नो पदीय दायित्व पूरा नगरी नेपाल सरकारलाई गैरकानूनी हानि पुर्याउने बदनियतले निर्माणस्थलमा भए गरेको कार्य भन्दा बढी तथा साईटमा नगरे नगराएको परिमाणको नापी चढाई लागत अनुमान बमोजिम जस्ताको तस्तै हुबहु सारी झुठा बिल बनाइ पेश गरेको देखिन्छ। साथै नगरे नगराएको परिमाणको कार्य भए गरेको भनी गलत प्रतिवेदन दिएको समेत पाइन्छ। त्यसैगरी इन्जिनियर अजय यादवले प्रतिवादी जितेन्द्र यादवले पेश गरेको नापी किताव, बील भर्पाई तथा कार्य सम्पन्न प्रतिवेदन जाँच गरी पेश गर्नुपर्नेमा आफ्नो पदीय दायित्व पूरा नगरी नेपाल सरकारलाई गैरकानूनी हानि पुर्याउने बदनियतले निर्माणस्थलमा भए गरेको कार्य भन्दा बढी तथा साईटमा नगरे नगराएको परिमाणको नापी चढाई लागत अनुमान बमोजिम जस्ताको तस्तै सारी झुठा बिल बनाइ पेश भएको बिल भर्पाई ठीक छ भनी भुक्तानीको लागि सिफारिस गरेको एवम् भुक्तानीको लागि टिप्पणी निर्णय समेतमा सहभागी भई हस्ताक्षर गरी भुक्तानीको लागि सिफारिस गरेको देखिन्छ। प्रतिवादी मुकेशकुमार पाठकले नेपाल सरकारलाई गैरकानूनी हानि पुर्याउने बदनियतले निर्माणस्थलमा भए गरेको कार्य भन्दा बढी तथा साइटमा नगरे नगराएको परिमाणको नापी चढाई पेश भएको झुठा बिल भर्पाई स्वीकृत गर्ने तथा भुक्तानी समेत दिने कार्य गरेको तथ्य पुष्टि भएको छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | घ) गाउँपालिकाका अध्यक्ष विक्रम यादव, वडाध्यक्ष अब्दुल अहद कवारी, कार्यपालिका सदस्य विजयकुमार चौधरी र विनोद साह, मुकेशकुमार पाठक र अजय यादव समेतको पदाधिकारी सम्मिलित अनुगमन टोलीले गाउँपालिका समक्ष पेश गरेको योजना अनुगमन प्रतिवेदनमा उपभोक्ता समितिलाई समयमा काम सम्पन्न गर्न लिखित निर्देशन दिएको देखिएकोमा सोही प्रतिवेदनमा लागत अनुमान बमोजिम काम भएको र प्राविधिक मूल्याङ्कन बमोजिम कार्य सम्पन्न भईसकेकोले अन्तिम भुक्तानीको लागि सिफारिस गरेको समेत देखिएबाट **कार्य सम्पन्न नहुँदै** निजहरूले गलत प्रतिवेदन दिई भए गरेको कार्य भन्दा बढी तथा साईटमा नगरे नगराएको परिमाणको नापी चढाई पेश भएको झुठा बिल भर्पाइ मार्फत उपभोक्ता समितिलाई भुक्तानी दिई नेपाल सरकारलाई गैरकानूनी हानि पुर्याउने बदनियत राखेको स्पष्ट हुन्छ। लेखापाल शिवशङ्कर प्रसाद कुशवाहाले योजना अनुगमन प्रतिवेदनमा स्पष्टरूपमै उपभोक्ता समितिलाई समयमा काम सम्पन्न गर्न लिखित निर्देशन दिएको देखिँदादेखिँदै सोही प्रतिवेदनकै आधारमा अन्तिम बिल पेश नहुँदै अन्तिम भुक्तानीको लागि टिप्पणी पेश गरेको देखिन्छ। उपभोक्ता समितिको तर्फबाट अध्यक्ष शेख मो. इरफान अलि, कोषाध्यक्ष हजरा खातुन र सचिव मो. इरफानले लागत अनुमान बमोजिम गर्नुपर्ने सबै कामहरू नगरी कार्य सम्पन्न भएको भनी नेपाल सरकारलाई गैरकानूनी हानि पुर्याउने बदनियतले निर्माणस्थलमा भए गरेको कार्य भन्दा बढी तथा साईटमा नगरे नगराएको परिमाणको झुठा बिल भर्पाइ बनाई गाउँपालिकाको कार्यालयमा पेश गरी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भुक्तानी समेत लिएको तथ्य पुष्टि भएको देखिँदा देखिँदै सो तथ्यको विश्लेषण नगरी भएको फैसला त्रुटिपूर्ण छ।<br>ङ) स्थलगत निरीक्षण प्रतिवेदनबाट नै नालामा फोहोर पानी रहेको देखिएको अवस्थामा सोलिङको कार्यको नापजाँच गर्न नसकिने नै भन्न हुँदैन। यसरी यसरी नापजाँच गरिएको भनी हरेक कुरा स्पष्टरूपमा प्रतिवेदनमा खुलेकै हुनुपर्छ भन्ने हुँदैन। नालामा पानी बग्न नदिई सोलिङ भए नभएको यकिन गर्न सकिने अवस्था रहन्छ। पहिलो प्रतिवेदनमा २३ वटा स्लाव रहेको देखाइएकोमा दोस्रोमा ३५ वटा देखाइएको हुँदा प्रतिवेदन विश्वसनीय भन्न मिल्ने अवस्था देखिँदैन भनी सफाइको आधार बनाइएको त्रुटिपूर्ण छ। त्यसैगरी कार्य सम्पन्न नहुँदै भुक्तानी दिइएको प्रष्ट भइकेको अवस्थामा पछि स्ल्याब थपिएको हुन सक्नेतर्फ दृष्टि नदिई सफाइको आधार बनाइएको त्रुटिपूर्ण छ। त्यसैगरी स्ल्याब बोकेर अन्त लैजानसकिने हुँदा जता छोप्नुपर्छ त्यता लैजान सक्ने (moveable nature) को हुँदा विवादित नालामा यसको लम्बाइ घटबढ हुन सक्ने तर्फ अदालतले ध्यान नदिई सफाइको आधार बनाएको पाइन्छ। प्रतिवेदनमै खुलेको (exposed) एक ठाउँमा मात्र नालाको पर्खालको उचाइ नापिएको र उचाइ पनि औसतका आधारमा इँटको Wall को कार्यमा कैफियत देखाइएको भनी सफाइ दिएको पाइन्छ। नियमानुसार काम भएको अवस्थामा हरेक स्थानमा नापजाँच गरिरहनुपर्ने अवस्था हुँदैन। प्रतिवादीहरूले नै भनेको स्थानमा नापजाँच नगरी कुनै एक वा दुई स्थानमा नापजाँच गरेपछिमात्र उक्त कार्यमा अनियमितता भए नभएको भन्न सकिने अवस्था हुने भएकाले नापीको कार्य संशयपूर्ण रहेको भनी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रतिवादीहरूलाई अभियोग दाबी बाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको। |